# नेपाल विद्युत प्राधिकरण

## प्रशासन निर्देशनालय

## पदपूर्ति विभाग

फोन नं. ०१-४१५३०६४
recruitment@nea.org.np,
promo.div@nea.org.np

पत्र संख्याः २०७९।०८०, चलानी नं. १८४ मिति २०८०।०३।०६

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री ईन्जिनियरिङ सेवा निर्देशनालय।
श्री प्रशासन निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय ।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय ।
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय।
नेपाल विद्युत प्राधिकरण।

**विषय : आ. व. २०७९/८० को कार्यसम्पादन मूल्याङ्कन फाराम सम्वन्धमा।**

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली,२०७५ (संसोधन सहित) को विनियम ५९ र ६० मा व्यवस्था भए अनुसार कर्मचारीले हरेक आर्थिक बर्ष समाप्त भएपछि आउने श्रावण ७ गते भित्र आफुले बर्ष भरीमा सम्पादन गरेको मुख्य मुख्य कामहरुको विवरण सहित कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराई आफ्नो सुपरीवेक्षक समक्ष पेश गर्नु पर्ने र सुपरीवेक्षक तथा पुनरावलोकनकर्ताले उल्लेखित विनियमको अधिनमा रही त्रुटी रहित ढंगले मूल्याङ्कन गरी तोकिएको समयावधिभित्र पदपूर्ति विभागमा पठाउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

वितरण तथा ग्राहक सेवा निर्देशनालय मातहतका प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालयहरुले आफु मातहतका कार्यालयहरु लगायत आफ्नो प्रदेश/भौगोलिक क्षेत्रभित्र पर्ने प्राधिकरणका सबै कार्यालयहरुमा कार्यरत कर्मचारीहरु समेतलाई आवश्यक पर्ने संख्याको कार्यसम्पादन मूल्याङ्कन फारामहरु (८० Gsm Woodfree Paper, 18"*11.5" साईजमा) छपाई गरी सबै कार्यालयहरुमा समयमै पुग्ने गरी वितरणको व्यवस्था मिलाउनु हुन र कार्यरत कर्मचारीहरुलाई आवश्यक पर्ने कार्य सम्पादन मूल्याङ्कन फारामहरु कार्यालयले सम्बन्धित प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालयमा सम्पर्क गरी प्राप्त गर्ने व्यवस्था मिलाउनु हुनेछ। बागमती प्रदेश, प्रादेशिक कार्यालय अन्तगर्तका कार्यालयहरु (हेटौडा प्रदेश डिभिजन कार्यालय र अन्तर्गतका कार्यालयहरु वाहेक) र काठमाण्डौ उपत्यकाभित्रका सबै कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि कार्य सम्पादन मूल्याङ्कन फाराम पदपूर्ति विभागबाट उपलब्ध हुनेछ।

साथै कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने, मूल्याङ्कन गर्ने, मूल्याङ्कन भएका र समितिबाट मूल्याङ्कन हुनु पर्ने फारामहरु देहाय बमोजिम गरी यस पदपूर्ति विभागमा पठाई दिनु हुन समेत अनुरोध गरिन्छः

१. प्रत्येक कर्मचारीको आफ्नो तह र पदसँग सम्बन्धित कार्यसम्पादन मूल्याङ्कन फाराम (अनुसुची १३ बमोजिम) भरी भराई श्रावण ७ गते भित्र सम्बन्धित कार्यालयमा अनिवार्य रुपमा दर्ता गराउने।
२. सम्बन्धित कार्यालयले बुँदा नं (१) बमोजिम प्राप्त हुन आएका कार्यसम्पादन मूल्याङ्कन फारामहरु दर्ता गरी विनियम ५९ र ६० बमोजिम हुने गरी मूल्याङ्कन गर्ने गराउने।
३. मूल्याङ्कनकर्ताले कार्यसम्पादन वापतको अङ्क प्रदान गर्दा कार्यसम्पादन मूल्याङ्कन फारामको अङ्क प्रदान गर्ने स्तम्भको शिर्ष स्थान (Column) मा निर्दिष्ट गरिएको अङ्क अनुसार अङ्क प्रदान गर्ने गराउने।
४. कार्यसम्पादन मूल्याङ्कन हुने कर्मचारीको पद भन्दा एक तह माथीको सम्वन्धित अधिकृतस्तरको कर्मचारीले निकटतम सुपरीवेक्षक र सुपरीवेक्षक भन्दा कम्तिमा एक तह माथिको अधिकृतस्तरको कर्मचारीले पुनरावलोकनकर्ता भई कार्यसम्पादन मूल्याङ्कन गर्नु पर्नेछ।

# नेपाल विद्युत प्राधिकरण

## प्रशासन निर्देशनालय

## पदपूर्ति विभाग

फोन नं. ०१-४१५३०६४
recruitment@nea.org.np,
promo.div@nea.org.np


५. वार्षिक रुपमा गरिने कार्यसम्पादन मूल्याङ्कन वापत पन्चानव्वे (९५%) प्रतिशत भन्दा वढी वा पचहत्तर (७५%) प्रतिशत भन्दा कम अंक प्रदान गरेमा सो को स्पष्ट कारण अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

६. तह १ देखि ४ सम्मका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न गरी मूल्याङ्कित फारामहरु खामभित्र राखी शिलबन्दी गर्ने र मूल्याङ्कन गर्ने पुनरावलोकनकर्ताले शिलबन्दी खामको बन्द बन्दमा दस्तखत गर्ने। कर्मचारीहरुको निम्नानुसारको विवरण २ प्रति तयार गरी १ प्रति खामभित्र राखी शीलवन्दी गर्ने र १ प्रति खामवाहिर टाँस गर्ने।

| क्र.सं. | दर्ता नं. | पद | तह | कर्मचारीको नाम थर | कर्मचारीको संकेत नं. | आर्थिक वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

७. तह ५ देखि माथिका सबै कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम निकटतम सुपरिवेक्षक र पुनरावलोकनकर्ताबाट मूल्याङ्कन गराई वुँदा नं. ६ मा उल्लेख भए अनुसार खाम बन्दी गरी सो विवरण सहित पदपूर्ति विभागमा पठाउने ।

८. सम्बन्धित प्रादेशिक/प्रदेश डिभिजन कार्यालयले यसै साथ संलग्न नमुना बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फारामहरु (तह १ देखि ४ सम्मको थान १ र तह ५ देखि ११ सम्मको थान १) बमोजिम दुरुस्त हुने गरी जम्मा दुई पाना (४ पेज) मा समेटिएको फारामहरु (८० Gsm Woodfree Paper, 18"*11.5" साईजमा) छपाई गरी सम्बन्धित कार्यालय/कर्मचारीहरुलाई उपलब्ध गराउने ।

९. कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने, मूल्याङ्कन गर्ने र सो को विवरण तयार गरी पठाउने लगायतका अन्य बिषयमा कुनै द्विविधा भएमा बढुवा सिफारिस महाशाखा, पदपूर्ति विभागको टेलिफोन नं ४१५३०६४ मा सोधपुछ गर्न सकिनेछ ।

**<u>बोधार्थ तथा कार्यार्थ:</u>**

श्री कोशी प्रदेश, प्रादेशिक कार्यालय, विराटनगर ।
श्री मधेश प्रदेश, प्रादेशिक कार्यालय, जनकपुर ।
श्री बागमती प्रदेश, प्रादेशिक कार्यालय, काठमाण्डौ ।
श्री गण्डकी प्रदेश, प्रादेशिक कार्यालय, पोखरा ।
श्री लुम्बिनी प्रदेश, प्रादेशिक कार्यालय, बुटवल ।
श्री कर्णाली प्रदेश, प्रादेशिक कार्यालय, सुर्खेत ।
श्री सुदुर पश्चिम प्रदेश, प्रादेशिक कार्यालय, अत्तरिया ।
श्री बागमती प्रदेश, प्रदेश डिभिजन कार्यालय, हेटौडा ।
श्री लुम्बिनी प्रदेश, प्रदेश डिभिजन कार्यालय, नेपालगंज ।

(बेलप्रसाद शर्मा)
निर्देशक